सभाबाट स्वीकृत मितिः २०७७/१२/०३

प्रमाणिकरण मितिः २०७७/१२/०३

# कर्मचारीको स्थायी तथा करारमा नियुक्ति गर्ने सम्वन्धमा व्यवस्था गर्ने सम्वन्धि ऐन, २०७७

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, १ नं. प्रदेश, नेपाल**

# कर्मचारीको स्थायी तथा करारमा नियुक्ति गर्ने सम्वन्धमा व्यवस्था गर्ने सम्वन्धि ऐन, २०७७

**प्रस्तावना :-**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुरुप संविधान जारी भएपछि तीन तहका सरकार अन्तरगत कार्यगर्ने कर्मचारीको नियुक्ति,सरुवा,वढुवा,विभागिय कारवाई तथा सेवासुविधा जस्ता विषयमा स्पष्ट कानुनी व्यवस्था गरीनु पर्नेमा हालसम्म नभएको कारण नेपालको सविधानको अनुसुची ८ र ९ अन्तरर्गत स्थानिय तहको सरकारको रुपमा ईटहरी उपमहनगरपालिकालाई प्राप्त अधिकारको प्रयोग गरी साविकका स्थानिय निकायमा (जि.वि.स, न.पा. र गाविसमा) करार र दैनिक ज्यालादारीमा नियुक्ति पाई हाल यस उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई करार र ज्यालादारीमा इटहरी उपमहानगरपालिकामा कार्यरत कर्मचारीको सेवा र सुविधामा मानवोचित आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले इटहरी उपमहानगरपालिकाको आठौं नगरसभाबाट विधयेक पारित गरी कार्यन्वयनमा ल्याईएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो ऐनको नाम **"कर्मचारीको स्थायी तथा करारमा नियुक्ति गर्ने सम्वन्धमा व्यवस्था गर्ने सम्वन्धि ऐन २०७७"** रहेको छ ।

(२) यो ऐनको प्रारम्भ प्रमाणीकरण भई उपमहानगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिवाट लागु हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"नगरपालिका"** भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"कार्यालय"** भन्नाले उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउंदछ ।

(ग) **"प्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **"उप प्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(च) **"कर्मचारी"** भन्नाले हाल इटहरी उपमहानगरपालिकामा कार्यरत करार, दैनिक तथा मासिक ज्यालादारीका सबै सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(छ) **"स्थायी पद"** भन्नाले उपमहानगरपालिकाको नगर सभावाट ऐनको स्थानिय सरकार सञ्चालन ऐन २०७४, को दफा ८३ द्वारा स्वीकृत दरवन्दीका पदलाई सम्झनु पर्दछ ।

(ज) **"परिवार"** भन्नाले प्रचलित ऐनले तोकिए वमोजिमका परिवारका सदस्यलाई समेत जनाउँछ ।

(ज) **"भत्ता"** भन्नाले उपमहानगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्ता सम्झनु पर्दछ।

(झ) **"प्रहरी"** भन्नाले इटहरी उपमहानगरपालिकामा कार्यरत नगर प्रहरी तथा बारुणयन्त्रका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ञ) **“आर्थिक वर्ष”** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा हुने समाप्त अवधिलाई सम्झनु पर्दछ

(ट) **“कार्यपालिका”** भन्नाले नेपालको संविधानको धारा २१६ बमोजिम गठन भएको इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ठ) **“नगर सभा”** भन्नाले नेपालको संविधानको धारा २२३ बमोजिम गठन भएको इटहरी उपमहानगरपालिकाको नगर सभालाई संझनु पर्दछ।

(ड) **“मन्त्रालय”** भन्नाले नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धित मन्त्रालय लाई सम्झनु पर्दछ र सो शव्दले संघिय नेपाल सरकार संघिय मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालय समेतलाई जनाउदछ।

(ढ) **“तोकिएको” वा “तोकिए वमोजिम”** भन्नाले उपमहानगरपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम वनाएको नियमावली, कार्यविधि, निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ।

(ण) करार तथा ज्यालदारीमा कार्यरत कर्मचारी भन्नाले इटहरी उपमहानगरपालिका कार्यालय तथा वडा कार्यालयमा कार्यरत सवै सेवाका करार तथा दैनिक, मासिक ज्यालादारीका कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद– २
## स्थायी तथा करार नियुक्ति सम्बन्धी व्यवस्था

३. **कर्मचारीलाई स्थायी नियुक्ति सम्बन्धमा :** साविकका स्थानीय निकाय तथा तहहरु (सुनसरी जि.वि.स., इटहरी उपमहानगरपालिका, इटहरी नगरपालिका तथा यस उपमहानगरपालिकामा गाभिएका गा.वि.स.हरु) मा २०७४ साल चैत्र मसान्त अघि अस्थायी तथा करारमा नियुक्ति पाई अविछिन्न रुपमा हालसम्म कार्यरत रहेका अस्थायी तथा करारका कर्मचारीहरुलाई एक पटकका लागि दफा ४ बमोजिमको समितिले सिमित प्रतिस्पर्धात्मक लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता परीक्षाको माध्यमबाट सफल उम्मेदवारलाई स्थायी नियुक्तिको लागि उपमहानगरपालिकाको कार्यालयमा सिफारिस गरिनेछ। तर कार्यालय सहयोगी, सवारी चालक, कुचीकार (सफाई), माली, चौकीदार तहमा भने लिखित परीक्षा लिइने छैन।

४. **स्थायी पदपूर्ति समितिः** स्थायी पदपूर्तिका लागि देहाय बमोजिमको एक समिति रहनेछ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | संयोजक |
| ख. निजामती वा शैक्षिक सेवाको कम्तीमा ५ बर्षको अनुभव प्राप्त गरेको प्रमुखले तोकेको विषय विज्ञ | सदस्य |
| ग. प्रशासन शाखाको प्रमुख | सदस्य सचिब |

५. **करारमा नियुक्ति सम्बन्धीको व्यवस्था** : साविकका स्थानीय निकाय तथा तहहरु (सुनसरी जि.वि.स., इटहरी उपमहानगरपालिका, इटहरी नगरपालिका तथा यस उपमहानगरपालिकामा गाभिएका गा.वि.स.हरु) मा २०७४ साल चैत्र मसान्त अघि दैनिक तथा मासिक ज्यालादारीमा कामकाज गरी हालसम्म कार्यरत रहेका दैनिक तथा मासिक ज्यालादारीका कर्मचारीहरुलाई एक पटकका लागि दफा ४ बमोजिमको समितिले सिमित प्रतियोगिता परिक्षाको माध्यमबाट करार सेवामा नियुक्ति गरिने छ।